"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : २०८०/०८१
चलानी नं. : ८०२

मिति : २०८०/१०/२६

सूचना !  सूचना !!  सूचना !!!

**बिषयः- प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागी हुनको लागि इच्छुक बेरोजगारहरुबाट आबेदन फारम भर्ने सम्बन्धी सूचना।**

रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ११ को रोजगारीको हक सम्बन्धी नियमावली २०७५को नियम ७ तथा प्रधानमन्त्री रोजगार कार्यकक्रम संचालन निर्देशिका २०७५ (दोश्रो संसोधन २०७८ सहित) को दफा को उपदफा १ बमोजिम आगामी आर्थिक वर्ष २०८१/०८२ मा नमोबुद्ध नगरपालिका मातहतमा रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने रोजगारीमा संलग्न भई सार्बजनिक बिकास निर्माणको काममा योगदान गर्न इच्छुक सामाजिक र आर्थिक अवसरबाट बञ्चित महिला,आदिबासी,जनजाति,दलित,सीमान्तकृत समुदाय तथा बिपन्न बर्गका बेरोजगार व्यक्तिहरुले आफू स्थायी बसोबास गरेको वडा कार्यालय तथा यस नमोबुद्ध नगरपालिका रोजगार सेवा केन्द्र कार्यालयमा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को (दोश्रो संसोधन २०७८ सहित) को अनुसूची १ बमोजिमको ढाँचामा २०८० फाल्गुन मसान्तसम्ममा फारम भर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक कागजपत्रहरुः-**

१ः- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति

२ः- पासपोर्ट साइजको फोटो १ प्रति

३ः- फारममा उल्लेख गरिने परिवार (१८-५९)का नागरिकताको प्रतिलिपि १ प्रति नागरिकता नलिएकाको हकमा जन्म मिति खुल्ने कागजात समाबेस गर्नुपर्नेछ।

४ः- आ व २०८०/०८१ मा सुचिकृत भएका व्यक्तिहरुको हकमा उल्लेखित फारममा परिचय पत्र न. अनिवार्य उल्लेख गर्नुपर्नेछ।

नोटः-उमेर (१८-५९) वर्ष हुनु पर्नेछ साथै फारम सम्बन्धित वडा कार्यालय वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेब साइट http://www.pmep.gov.np बाट समेत डाउनलोड गर्न सकिने छ।

२०८०/१०/२६

..........................

(बुद्धिराज अर्याल )

शाखा अधिकृत